# कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ७ मितिः २०७७/१२/१३

## भाग-२

### भूमि बैंक सम्बन्धी कार्यविधि, २०७७

आज्ञाले,

दिनेश ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको मिति २०७७/१२/१३ गतेको निर्णयानुसार स्वीकृत

# भूमि बैंक सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः**

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को कारण देश विदेशबाट घर फर्केका र कृषि तथा पशुपालन मार्फत् आयआर्जन गरी आत्मनिर्भर बन्न खोज्ने नागरिकहरूलाई लक्षित गरी गाउँपालिकाभित्र रहेका बाँझो जमिन घटाई खेतीयोग्य जमिनको क्षेत्रफल विस्तार गर्दै, कृषकहरूको मनोवल उच्च राख्न तथा बाँझो जमिनको उपयोगलाई भूमि बैंक मार्फत् व्यवस्थित र प्रभावकारी बनाउनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०७७/१२/१३ को निर्णय बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"भूमि बैंक सम्बन्धी कार्यविधि, २०७७"** रहनेछ ।

२. कार्यपालिकाले निर्णय गरेको मिति देखि लागू हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"गाउँपालिका"** भन्नाले कालीगण्डकी गाउँपालिका बुझिन्छ ।

ख. **"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउँछ ।

ग. **"अध्यक्ष"** भन्नाले कालीगण्डकी गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

घ. **"संयोजक"** भन्नाले कालीगण्डकी गाउँपालिकाका भूमि बैंकका संयोजक सम्झनुपर्दछ ।

ङ. **"जनप्रतिनिधि"** भन्नाले कालीगण्डकी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य र सभाका सदस्यहरूलाई सम्झनुपर्छ ।

च. **"भूमि बैंक"** भन्नाले गाउँपालिकाभित्र रहेका खेतीयोग्य बाँझो जमिनको उपभोग गर्नको लागि गाउँपालिकाले सञ्चालन गरेको कार्यक्रमलाई सम्झनुपर्छ ।

छ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कालीगण्डकी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

ज. **"कर्मचारी"** भन्नाले गाउँपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीलाई बुझाउने छ ।

झ. कार्यपालिका भन्नाले गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

ञ. "वडा" भन्नाले कालीगण्डकी गाउँपालिका भित्रका वडाहरुलाई सम्झनुपर्छ ।

४. **भूमि बैंक व्यवस्थापन**

कालीगण्डकी गाउँपालिका भित्रका विभिन्न वडाहरूमा रहेका खेतीयोग्य बाँझो जमिनको प्रयोग गर्न स्थानीय श्रमको व्यवस्थापन गर्दै परम्परागत खेती प्रणालीलाई आधुनिक खेती प्रणाली मार्फत व्यवसायिक खेती गर्ने उद्देश्यले भूमिको व्यवस्थापनको लागि स्थापना गरिएको एकीकृत बाँझो जमिनलाई निम्नानुसार व्यवस्थित गरिनेछ ।

क. गाउँपालिका भित्र रहेका कम्तिमा ३ रोपनीभन्दा बढी खेतीयोग्य जग्गा आफूले उपभोग नगरी खाली राखेका जग्गाधनीले अनिवार्य रूपमा अनुसूची ३ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

ख. बाँझो जग्गालाइ उत्पादनका आधारमा छुट्याई निम्नानुसार वर्गीकरण गरिनेछ ।

| **वर्गीकरणको आधार (१००)** | **२०** | **१५** | **१०** | **५** |
|---|---|---|---|---|
| **सडकको पहुँच** (२०) | मुख्य सडकसँग जोडिएको | चल्ती सडकबाट ३०० मिटर भित्रको | हिउँदे सडकसँग मात्रै पहुँच भएको | सडकसँग पहुँच नभएको |
| **सिंचाई** (२०) | १२ महिना नै सहज सिचाई हुने | ६ महिना सिचाई हुने | वर्षात्मा मात्रै सिंचाई हुने | सिंचाई नहुने |
| **उर्वराशक्ति** ( २०) | अति उर्वर | मध्यम उर्वर | न्यून उर्वर | रुखो पाखो |
| **जैविक सुरक्षा** ( २०) | पूर्ण सुरक्षित | मध्यम सुरक्षित | आंशिक सुरक्षित | अति जोखिम |
| **क्षेत्रफल** (२०) | एकैठाउँमा १५ रोपनी भन्दा माथि | एकैठाउँमा १०-१५ रोपनी | एकैठाउँमा ५-१० रोपनी | एकैठाउँमा ५ रोपनी भन्दा कम |

जग्गाको वर्गीकरण गर्ने क्रममा जम्मा १०० पूर्ण अंक मध्ये प्राप्त अंक ७५ भन्दा माथिका जग्गा क वर्ग, ५० देखि ७५ अंक सम्मका जग्गा ख वर्ग, ३० देखि ५० अंक सम्मका जग्गा ग वर्ग र ३० भन्दा कम अंक प्राप्त गरेका जग्गा घ वर्गमा पर्दछन् । साथै घ वर्गमा पर्ने जग्गालाई उपयुक्त मानिने छैन र छनोट पनि गरिने छैन ।

ग. उपदफा (क) बमोजिमको निवेदन पेश नगरी जग्गा बाँझो राख्ने जग्गाधनीलाई गाउँपालिकाको तर्फबाट उपलब्ध गराईने सेवासुविधाहरूबाट बञ्चित गरी तोकिए बमोजिमको जरीवाना गर्न सकिनेछ ।

घ. उपदफा क र (ख) बमोजिमको जग्गाहरू गाउँपालिकाको भूमि बैंकमा दर्ता हुनेछन् ।

ङ. भूमी बैंकमा दर्ता रहेको बाँझो राखिएको खेतीयोग्य जमिनको उपयोग गरी कम्तीमा ३ रोपनीमा कृषि वा पशुपन्छी पालन गर्न चाहने कृषकलाई आवश्यकता र नियमानुसार जग्गा उपलब्ध गराईनेछ ।

च. बाँझो राखिएको खेतीयोग्य जमिन उपभोग नगर्ने जग्गाधनीले आफूले गाउँपालिकाले गरेको जग्गाको वर्गीकरण र उपभोग गर्न नसकेको मनासिव कारणको आधारमा निर्धारण गरिएको रकममा गाउँपालिकालाई कम्तिमा ३ वर्षको लागि भाडामा दिनुपर्नेछ ।

छ. उल्लिखित खेतीयोग्य जमिनमा अनिवार्य कृषि उपजहरूको उत्पादन, मौसमी बेमौसमी तरकारी खेती वा अन्य नगदे बाली उत्पादन गर्नुपर्नेछ भने अन्य बाँझो जमिनमा फलफूलका विरूवा तथा पशुपन्छीपालन सम्बन्धी कार्यहरू गर्नुपर्नेछ । साथै अनिवार्य रुपमा बाली तथ पशुपन्छी बिमा गर्नुपर्नेछ ।

ज. यस किसिमको जग्गामा गाउँपालिकाको तर्फबाट समय समयमा प्राविधिक वा अन्य सहयोग उपलब्ध गराईनेछ ।

झ. उत्कृष्ट कृषि उत्पादन तथा पशुपालन गर्ने कृषकलाई गाउँपालिकाको तर्फबाट सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।

ञ. कृषकहरूले आफूले उत्पादन गरेको कृषि उपज आफैले बिक्री वितरण गर्न नसकेको अवस्थामा गाउँपालिकाले उचित मूल्यमा उत्पादित वस्तुहरूको बिक्री वितरण गर्ने र गाउँपालिकाको कृषि उपज संकलन केन्द्रमा ल्याउने व्यवस्था मिलाउन पहल गर्नेछ ।

## ५. कार्यसमिति गठन :

भूमि बैंक कार्यसमिति गठन निम्नानुसार हुनेछ :

- गाउँपालिका उपाध्यक्ष — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- गाउँ कार्यपालिकाले तोकेको विषय विज्ञ — सदस्य
- वडा अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको १ जना — सदस्य
- कार्यपालिका सदस्यहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको १ जना — सदस्य
- प्रमुख (पशु शाखा) — सदस्य
- प्रमुख (प्राविधिक शाखा) — सदस्य
- प्रमुख (नापी शाखा) — सदस्य
- प्रमुख (कृषि शाखा) — सदस्य-सचिव

## ६. कार्यसमितिको काम, कर्तव्य र अधिकार :

भूमि बैंकको लागि गठित कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमका रहनेछ :

क. भूमि बैंक सम्बन्धी कार्यविधि र जग्गा छनोट तथा मूल्याङ्कनका आधारहरु तयार पारी संयोजक मार्फत कार्यपालिकाबाट प्रमाणित गर्ने ।

ख. भूमि बैंकमा बाँझो जग्गा दर्ता गर्न इच्छुक कृषकहरुका लागि सूचना प्रकाशित गरी म्यादभित्र प्राप्त निवेदनहरुका आधारमा निवेदन उपर छानबिन गरी छनोट प्रक्रिया अगाडि बढाउने ।

ग. जग्गाको अनुगमनको लागि योजना बनाउने र अनुगमनको लागि कृषकको जग्गा सम्म पुग्ने ।

घ. भूमि बैंकमा जग्गा दर्ता भई जग्गा छनोट गरिसकेपश्चात् जग्गा दिने कृषक र गाउँपालिका बिच द्विपक्षीय सम्झौता गर्न सिफारिस गरी सो को प्रक्रिया अगाडि बढाउने ।

ङ. भूमि बैंकमा दर्ता भएका बाँझो जग्गामा कृषि वा पशुपंक्षीपालन गर्न इच्छुक कृषकहरुका लागि सूचना प्रकाशित गरी म्यादभित्र प्राप्त निवेदनहरुका आधारमा निवेदन उपर छानबिन गरी छनोट प्रक्रिया अगाडी बढाउने ।

च. भूमि बैंकमा दर्ता भएको जग्गा लिन इच्छुक कृषकहरुको छनोट पश्चात जग्गा लिने कृषक र गाउँपालिकाबिच द्विपक्षीय सम्झौता गर्न सिफारिस गरी सो को प्रक्रिया अगाडि बढाउने ।

छ. भूमि बैंक सञ्चालनका लागि श्रोतको व्यवस्थापन गर्ने साथै बैंक खाता संचालन गर्ने ।

ज. भूमि बैंक संचालनका क्रममा आउन सक्ने समस्या, चुनौती तथा आवश्यकताहरुबारे अध्ययन गर्ने, सूची तयार गर्ने तथा सो को समाधानका लागि पहल गर्ने ।

## ७. बजेट/श्रोतको व्यवस्था

क. भूमि बैंकमा रहेका जग्गाहरू भाडामा लिनको लागि आवश्यक रकमको व्यवस्था गाउँपालिकाले मिलाउनुपर्नेछ ।

ख. गाउँपालिकाले भूमि बैंक सम्बन्धी कार्य गर्दा गाउँपालिकाको भूमि बैंकमा छुट्याएको रकमबाट गर्नुपर्नेछ । तर भूमि बैंक कोषमा आवश्यक रकमको अभाव भएमा गाउँपालिकाले बचत रहने अन्य श्रोतबाट समेत खर्च/भुक्तानी गर्न सक्नेछ ।

ग. यसरी खर्च गरिएको रकमको हिसाब गाउँपालिकाले बेग्लै राख्नुपर्नेछ र सो को विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

घ. आवश्यकतानुसार कृषि ज्ञान केन्द्र लगायतका संस्थाहरुसँग समेत समन्वय गरी गाउँपालिकाले संयुक्त साझेदारीमा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

## ८. विविधः

क. यस कार्यविधिको कार्यान्वयन गर्दा केही दुविधा पर्न गएमा गाउँपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउको आवश्यक व्यवस्था गर्न सक्नेछ ।

ख. यस कार्यविधिमा गाउँ कार्यपालिकाले आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।

ग. अनुदान एवं भाडा रकम सिफारिस गर्ने अधिकार भूमि बैंक सञ्चालक समितिलाई हुनेछ ।

## अनुसूची १

भूमि बैंकमा जग्गा दर्ता गर्नका लागि आवेदन माग गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :................

यस कालीगण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले आ.व. २०७७/७८ मा भूमि बैंक स्थापना गरी बाँझो जग्गामा कृषि तथा पशुपक्षीपालन कार्यक्रम संचालन गर्न लागेकोमा आफ्नो जग्गा बाँझो भएका कृषकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गरी आफ्नो बाँझो जग्गा गाउँपालिकाको भूमि बैंकमा दर्ता गर्नुहुन सबै गाउँपालिका बासी कृषक वर्गहरुमा अनुरोध गरिन्छ ।

आवश्यक कागजातहरुः

- अनुसूची २ बमोजिमको ढाँचामा निवेदन
- अनुसूची ३ बमोजिमको ढाँचामा जग्गाको विवरण
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
- उपलब्ध भएसम्म जग्गाको नक्सा

# अनुसूचीः-२

मिति :-...............

श्री अध्यक्ष ज्यू
कालीगण्डकी गाउँपालिका, भूमी बैंक, २०७७
बिर्घा, स्याङ्जा ।

विषयः- भूमी बैंकमा जग्गा दर्ता गरीपाउँ ।

प्रस्तुत विषयमा कालीगण्डकी गाउँपालिका कार्यालयबाट मिति....................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम मेरो जग्गा विगत .....बर्ष देखि बाँझो रहेकोले उक्त भूमि बैंकमा दर्ता गर्न इच्छुक भएकोले अनुसूची बमोजिमको ढाँचामा जग्गाको विवरण भरी यो निवेदन पेश गरेको छु ।

निवेदकः-

नाम :-

ठेगाना :-

दस्तखत :-

सम्पर्क नं.:-

## अनुसूची ३

## दफा ३ को उपदफा १ (क) सँग सम्बन्धित

## (बाँझो जग्गा भूमि बैंकमा दर्ताको लागि जग्गाको विवरण )

- जग्गाधनीको नामथर : ................................
- ठेगाना : कालीगण्डकी गाउँपालिका, वडा नं. ................ टोलः ................
  सम्पर्क नं. ........................ कित्ता नं. ........................
- जग्गा रहेको स्थानको ठेगानाः कालीगण्डकी गाउँपालिका, वडा नं........,
  टोल/स्थान.................

१. जग्गाको विवरणः

क. जग्गा देखि मुख्य/चल्ती सडक सम्मको दुरी : ........................

ख. चल्ती सडक देखि टाढाको जग्गा भए हिउँदे सडकको पहुँच भए/नभएको :
........................

ग. सिंचाईको व्यवस्था भए/नभएको : ........................

घ. वर्षमा कति महिना सिंचाई गर्न पुग्ने ?........................

ङ. नजिकै पानीको श्रोत भए/नभएको : ........................

च. पानीको श्रोत भए कति मिटर टाढा रहेको ?:........................

छ. जग्गाको बनोट (खेत/सम्मो बारी/भिरालो बारी/रुखो पाखो/खरबारी):
........................

ज. माटोको प्रकार (रातो/कालो/बलौटे/ढुङ्गागिट्टी मिक्स भएको) : ........................

झ. जग्गामा विगतका बर्षमा के- के उत्पादन/खेति गरिएको ? ........................

ञ. जग्गा बाँझो रहेको अवधि : ........................

ट. जग्गा नजिकै झाडी/ठुलठुला रुख बिरुवा/जंगल भए/नभएको ? ........................

ठ. जीवजन्तु तथा चराचुरुङ्गीहरुबाट कत्तिको सुरक्षित (पूर्ण/मध्यम/आंशिक सुरक्षित/ जोखिममा) : ......................

ड. भिरालो/सम्मो बारी/खेत छ भने संख्या र क्षेत्रफल कति कति छ ?

......................

ढ. जग्गाको जम्मा क्षेत्रफल : ......................

ण. जग्गा एकै ठाउँमा रहेको वा फरक फरक ठाउँमा रहेको ? ......................

त. फरक-फरक ठाउँमा रहेको भए ठाउँ अनुसार जग्गाको क्षेत्रफल :

..........................................................................................................

..................................................................................................

२. भाडा दिन चाहेको अवधि (कम्तिमा ३ वर्ष) : ......................

३. जग्गा सम्बन्धी अन्य कुराहरू भए खुलाउने :

..............................................................................................................

४. आफ्नो मुख्य व्यवसाय :................................

५. परिवारमा जम्मा सदस्य संख्या :.......... बैदेशिक रोजगारमा गएको संख्या :.........

नेपालमा रोजगारी प्राप्त गरेको संख्या :............. बेरोजगार संख्या :.............

६. बाँझो जग्गा आँफैले प्रयोग गर्न नसक्नुको कारण : ............... ......................

**संलग्न गर्नुपर्ने कागजात :**

क. जग्गाधनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

ख. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि,

ग. जग्गाको नक्सा ।

मितिः हस्ताक्षरः

# अनुसूची ४

## दुई पक्षीय सम्झौता पत्र (गाउँपालिका र जग्गा दिने बिचको)

कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आ.व.०७७/७८ मा भूमी बैंक स्थापना गरी संचालन गर्न लागेको कृषि तथा पशुपंक्षीपालन सम्बन्धी कार्यक्रमको लागि कालीगण्डकी गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र आफ्नो बाँझो जग्गा भूमि बैंकमा दर्ता गर्ने कृषक........................... (यस पछि दास्रो पक्ष भनिने) बिच तपसिल बमोजिमको शर्तनामा पालन गर्ने गराउने गरी यो सम्झौता गरीएको छ ।

### शर्तहरु

१. दोस्रो पक्षले आफ्नो जग्गा भूमी बैंकमा दर्ता गरी कम्तिमा ३ बर्षको लागी प्रथम पक्षलाई दिनुपर्ने छ ।

२. प्रथम पक्षले जग्गा लिएवापत दोस्रो पक्षलाई जग्गाको वर्गीकरणका आधारमा क, ख र ग वर्गको जग्गालाई क्रमशः प्रतिवर्ष प्रतिरोपनी रु.१,०००।-, रु.७००।- र रु.५००।- का दरले नगद रकम दिईने छ ।

३. प्रथम पक्ष र दोस्रो पक्ष बिच द्विविधा वा विवाद उत्पन्न भएमा गाउँ कार्यपालिकाले कालीगण्डकी गाउँपालिका भूमि बैंक सम्बन्धी कार्यविधि, २०७७ मा आधारित रही विवाद समाधान गरिने छ ।

४. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट : | दोस्रो पक्षको तर्फबाट : |
|---|---|
| नाम : ...................... | नाम : ........................ |
| पद : ........................ | पद : ......................... |
| हस्ताक्षर : ................... | हस्ताक्षर : ................... |
| कार्यालयको नाम : ......... | |
| छाप : | छाप : |
| मिति : ................. | मिति : .................. |

रोहवर /साक्षी

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम : ....................... | नाम : ........................ |
| पद : ........................ | पद : ......................... |
| हस्ताक्षर : .................. | हस्ताक्षर : ................... |

# अनुसूची-५

भूमि बैंकमा जग्गा दर्ता गर्न आवेदन माग सम्बन्धी सूचना :

(प्रथम पटक प्रकाशित मिति :..............................)

यस कालीगण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले आ.व. २०७७/७८ मा भूमि बैंक स्थापना गरी कृषि तथा पशुपंक्षीपालन कार्यक्रम संचालन गर्न लागेकोमा यस गाउँपालिकाको भूमि बैंकमा दर्ता भएको जग्गा प्रयोग गरी कृषि तथा पशुपंक्षीपालन सम्बन्धी कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समूहले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा आवेदन पेश गर्नुहुन सबै गाउँपालिकावासी कृषक वर्गमा अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरु** :

- अनुसूची ६ बमोजिमको ढाँचामा निवेदन,
- अनुसूची ७ बमोजिमको ढाँचामा अपेक्षित जग्गाको विवरण,
- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।

# अनुसूची ६

## बाँझो जग्गा उपयोग गरी कृषि कार्य गर्नका लागि दिने निवेदनको ढांचा :

मिति :

श्री अध्यक्षज्यू,
कालीगण्डकी गाउँपालिका, भूमी बैंक, २०७७
बिर्घा, स्याङ्जा ।

विषयः- भूमी बैंक मार्फत जग्गा उपलब्ध गराईपाउँ ।

प्रस्तुत बिषयमा कालीगण्डकी गाउँपालिका भूमी बैंक, २०७७ बिर्घा, स्याङ्जा मार्फत म/कृषक समुह/सहकारी/फर्मले उक्त भूमी बैंकमा रहेको बाँझो जग्गामा खेती गर्न इच्छुक भएकोले अनुसूची बमोजिमको ढाचाँमा विवरण भरी यो निवेदन पेश गरेको छु ।

निवेदकः-

नाम :-

ठेगाना :-

दस्तखत :-

सर्म्पक नं.

## अनुसूची ७

### बाँझो जग्गा उपयोग गरी कृषि कार्य गर्नका लागि अपेक्षित जग्गाको विवरण :

- जग्गाधनीको नामथर :...................
- ठेगाना : कालिगण्डकी गाउँपालिका, वडा नं. : ............ टोल : ................
- सम्पर्क नं. :
- अपेक्षित जग्गाको विवरण :
- वर्ग : क /ख /ग / घ
- क्षेत्र/भूगोलः
- क्षेत्रफल : रोपनी :
- बनोटः
- आफूले गर्न चाहेको/गर्ने खेति/व्यवसाय :
- अपेक्षित सेवा/सुविधा :
- एकल गर्ने वा समूहमा :
- खेति गर्न चाहेको अवधि :
- जग्गा सम्बन्धी अन्य कुरा भए खुलाउने :
- आफ्नो मुख्य व्यवसाय :
- परिवारमा सदस्य संख्या :

**संलग्न कागजातः**

- नेपाली नागरिकताको प्रमाणपत्र :
- मिति :
- हस्ताक्षर :

# अनुसूची ८

## दुई पक्षीय सम्झौता पत्र (गाउँपालिका र जग्गा लिने बिचको)

कालीगण्डकी गाउँपालिकाबाट भूमि बैंक स्थापना गरी आ.व. २०७७/७८ संचालन गरिने कृषि तथा पशुपंक्षीपालन कार्यक्रमको लागि कालीगण्डकी गाउपालिका, गाउँ कार्यपालिकाको कार्यालय ( यसपछि प्रथम पक्ष भनिने ) र कृषक/कृषक समूह श्री........................................................ (यसपछि द्वितिय पक्ष भनिने) बिच तपसिलको बुँदाहरुमा रही कार्यक्रम सफल रुपले संचालनार्थ यो सम्झौता गरिएको हो ।

**शर्तहरु**

१. प्रथम पक्षले कार्यक्रम संचालनको लागि दोश्रो पक्षलाई प्राविधिक सहजीकरण गर्नुपर्नेछ ।
२. दोश्रो पक्षले कार्य सुरु गरेदेखि समापन गरुन्जेल प्रथम पक्षसँग समन्वय तथा सहकार्य गर्नुपर्नेछ ।
३. दोश्रो पक्षले खेतीयोग्य जमिन छ भने अनिवार्य कृषि उपजहरुको उत्पादन, मौसमी - बेमौसमी तरकारी खेति वा अन्य नगदेबाली उत्पादन गर्नुपर्ने छ, भने अन्य बाँझो जमिनमा फलफूलका बिरुवा तथा पशुपंक्षीपालन सम्बन्धी कार्यहरु गर्नुपर्नेछ ।
४. दोश्रो पक्षले अनिवार्य रुपमा बाली बिमा तथा पशुपंक्षी बिमा गर्नुपर्नेछ ।
५. प्रथम पक्षले दोश्रो पक्षद्वारा उत्पादित कृषि उपज बिक्री वितरणमा सहयोग गर्नेछ ।
६. दोश्रो पक्षले कम्तिमा ३ रोपनी क्षेत्रफलको जग्गा लिई कृषि कार्य संचालन गर्नेछ र प्रथम पक्षले नियमित रुपमा अनुगमन कार्य गर्नेछ ।
७. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम : ........................ | नाम : ........................ |
| पद : .......................... | पद : .......................... |
| हस्ताक्षर : ................... | हस्ताक्षर : ................... |
| कार्यालयको नाम : ......... | |
| छाप : | छाप : |
| मिति : .................. | मिति : .................. |

**रोहवर /साक्षी**

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम : ........................ | नाम : ........................ |
| पद : .......................... | पद : .......................... |
| हस्ताक्षर : ................... | हस्ताक्षर : ................... |